"समुन्नत, सभ्य, सम्पन्न इलामेली"

इलाम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

इलाम

Green Ilam

प.सं.: २०७९/८०

च.न.: ७६०

१ नं. प्रदेश, नेपाल

मिति: २०७९/०४/१६

विषय : - **ढुंगा, गिटी, बालुवा बिकी तथा निकासी सम्बन्धमा प्रष्ट पारिएको सूचना ।**

यस कार्यालयबाट मिति २०७९/०३/१५ गते प्रकाशित आय ठेक्का सम्बन्धी सूचनाको बुँदा नं. १२ मा ढुंगा, गिटी, बालुवा बिकी तथा निकासी शुल्क दस्तुरको ठेक्का बन्दोबस्ती सम्वन्धमा मिति २०७९/०४/०१ देखि २०८० असारमसान्त हुनु पर्नेमा अन्यथा हुन गएको सो सच्याइएको र सो बुँदा सम्बन्धमा निम्नानुसार थप प्रष्ट गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**निम्न :**

१. उल्लेखित नदीजन्य पदार्थहरु उत्खनन गर्न २०७९/०३/०१ देखि २०७९/०५/३० सम्म र २०८० असार १ देखि २०८० असार मसान्तसम्म कानुन बमोजिम स्थगित हुने हुनाले सो अवधिमा कुनै व्यक्ति वा उद्योग वा कम्पनीले नदीबाट उत्खनन गर्न पाउने छैनन् । तर कानुन बमोजिम स्टक गरिएको सामाग्रीहरु अनुगमन समितिबाट स्टक प्रमाणित गराएको खण्डमा स्टक सामाग्री ढुवानी गर्न बाधा नपर्ने भएकोले स्टक प्रमाणित भए बमोजिम ठेकेदारले शुल्क असुल गर्न पाउनेछ । यदि स्टक प्रमाणितको अवस्थामा नगरपालिकाबाट स्टक अनुसार शुल्क असुल गरिएको भए सो अनुसारको रकम ठेकेदारले हिसाव मिलान गर्नेछ वा फिर्ता गर्नेछ ।

२. ठेकेदारले शुल्क उठाउन नपाउने वा असोज मसान्त देखि मात्र उठाउन पाउने भन्ने विषयमा ठेकेदारले २०७९/०४/०१ देखि २०८०/०३/३० सम्ममा नै शुल्क पटके उठाउन पाउने तर कानुन बमोजिम नदीबाट उत्खनन् गर्न भने कसैले नपाउने भन्ने व्यवस्था अनुसार स्टक गरिएको सामाग्री प्रमाणित भएको परिमाणमा पटके शुल्क उठाउन बाधा नपर्ने ।

३. नदीजन्य सामग्री उत्खनन र ओसारपसार सम्बन्धमा थप कुरा प्रष्ट हुन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेभसाइटमा मिति २०७९/०२/०६ मा अपलोड भएको मापदण्ड हेर्न सकिनेछ ।

०२८।४।१६

काली बहादुर गुञ्जेल

प्रमुख प्रशासकीय अधिकृत